" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर
प्रदेश नं १, नेपाल।

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

पत्र संख्या : २०७८/०७९
च.नं ६५९

मिति : २०७९/२/ २०

विषय : टोल विकास समिति गठन सम्बन्धमा ।

श्री हिलिहाङ गाउँपालिका
वडा कार्यालय सबै पाँचथर

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको स्थानीय विकास प्रकृयामा टोल तथा बस्ती स्तरबाटै आम नागरिकहरुको सभागितामा सहभागितामूलक योजना तर्जुमा विधिको अवलम्बन गरी निश्चित भौगोलिक क्षेत्र भित्र बसोबास गर्ने लाभग्राहीहरुको सम्लग्नतामा गाउँपालिक र वडा कार्यालयको सहयोगिको रुपमा तोकिएका कार्य सम्पादन गर्ने गरी टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि २०७७ स्वीकृत भएको विदितै छ । आगामी आर्थिक बर्ष २०७९/८० को लागि योजना तर्जुमा तथा छनौंट प्रकृयाको क्रममा देहायका शर्तहरु अधिनमा रही ३ (तीन) दिन भित्रमा पुन : ताकेता गर्नु नपर्ने गरी सोही कार्यविधिको नियम ३(२) अनुसारको समिति गठन गरी अनिबार्य रुपमा यस कार्यालयमा पेश गर्ने व्यबस्थाको लागि अनुरोध छ ।

**टोल विकास समिति गठन संरचना**

(१) अध्यक्ष एक जना (२) उपाध्यक्ष एक जना (३) कोषाध्यक्ष एक जना (४) सचिव एक जना (५) सदस्यहरु (तीन देखि सात जनासम्म)

**शर्तहरु**

क. टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजनाभन्दा वढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुने छ ।

ख. आमभेलाबाट सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन ।

ग. कार्य समितिको कार्यकाल गठन भएको मितिले २ (दुई) बर्षसम्म हुने छ ।

घ. कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारणसभाको सर्बसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमिति पुर्नगठन हुने छ ।

ङ अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकालभन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन

च कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कुनै एक पदमा अनिबार्य रुपमा महिला हुनु पर्ने छ ।

च. संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्ने छ

छ. सबै घरधुरी समाबेश हुन सम्भव नभएमा कम्तिमा ७५ प्रतिशत घरधुरी सहभागि गराई टोल विकास संस्था गठन गर्नु पर्ने छ ।

ज. टोल विकास संस्था गठनको कार्य समितिमा कम्तिमा ४० प्रतिशत सदस्य महिला हुनु पर्ने छ ।

झ. टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समाबेश गरेको नपाईएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समाबेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समाबेश गर्न लागाउने छ ।

ञ. उपरोक्त शर्तहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ । एउटा घरधुरी एकभन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन ।

बोधार्थ
श्री अध्यक्षज्यू
हिलिहाङ गाउँपालिका पञ्चमी पाँचथर

विक्रम लिम्बू
प्रमुख प्रशासकीय अधिकृत

Official Website: www.hilihangmun.gov.np    Email Address:- hilihangruralmun@gmail.com